समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०३/२८ बैठक संख्या: ८

बैठक प्रारम्भ समय: विहानको ८:३० बजे बैठक समापन समय: बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

निर्णयहरु

१. खाँदबारी नगरपालिकाको वडा नं. २, ४, ६, ७, ८, ९ र ११ को ठेक्का मार्फत निर्माणाधिन वडा कार्यालय भवनहरुको निर्माण कार्यको लागि मिति २०७९ भाद्र मसान्तसम्म योजनाको म्याद थप गर्ने ।

२. सरस्वति प्रा.वि. - तपासे - पन्ध्रेदेखि ११ नं. वडा कार्यालयसम्म जाने मोटरबाटो मर्मत (सडक बोर्डतर्फको) योजनाको मर्मत कार्य सम्पन्न गर्न मिति २०७९ कार्तिक मसान्तसम्म योजनाको म्याद थप गर्ने ।

३. कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ बमोजिम नगद हस्तान्तरणको लागि प्राप्त रकम खर्च नभई फिर्ता गएकोमा सो रकम खर्च नहुनुको कारण सहितको मनासिव प्रतिवेदन १५ दिनभित्रमा नगरपालिका समक्ष पेश गर्न नगर उपप्रमुख श्री महेश्वरा श्रेष्ठ बज्राचार्यको संयोजकत्वमा देहाय अनुसार सदस्य रहेको छानविन समिति गठन गर्ने ।

देहाय:

संयोजक - श्री महेश्वरा श्रेष्ठ बज्राचार्य

सदस्य - श्री निरञ्जन श्रेष्ठ

सदस्य - श्री भरतकुमार घिमिरे

सदस्य - श्री अर्जुन तामाङ

सदस्य सचिव - श्री दिनेश कट्टेल

४. वडा कार्यालय भवनहरु निर्माण शीर्षकमा विनियोजित रकम सो शीर्षकमा खर्च भई निर्माण सम्पन्न पश्चात पनि बाँकी रहेमा वडा कार्यालय निर्माण तथा मर्मत सम्बनधी कार्यमा मात्र खर्च गर्ने ।

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत